नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७०) काठमाडौं, माघ २१ गते, २०७७ साल (अतिरिक्ताङ्क ४०(घ)

भाग ४

राष्ट्रपतिको कार्यालयको

सूचना १

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीले नेपालको संविधानको धारा २३८ को उपधारा (२) बमोजिम संवैधानिक परिषद्को सिफारिसमा सङ्खुवासभा निवासी श्री प्रेमकुमार राईलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्त पदमा तथा काठमाडौं निवासी श्री किशोरकुमार सिलवाल र बैतडी निवासी श्री जयबहादुर चन्दलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगको आयुक्त पदमा नियुक्त गर्नु भएकोले यो सूचना प्रकाशन गरिएको छ।

सूचना २

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीले नेपालको संविधानको धारा २४५ को उपधारा (२) बमोजिम संवैधानिक परिषद्को सिफारिसमा रामेछाप निवासी श्री रामप्रसाद भण्डारी र कैलाली निवासी डा.जानकी कुमारी तुलाधरलाई निर्वाचन आयोगको निर्वाचन आयुक्त पदमा नियुक्त गर्नु भएकोले यो सूचना प्रकाशन गरिएको छ।

सूचना ३

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीले नेपालको संविधानको धारा २४८ को उपधारा (२) बमोजिम संवैधानिक परिषद्को सिफारिसमा ललितपुर निवासी श्री तपबहादुर मगरलाई राष्ट्रिय मानव अधिकार आयोगको अध्यक्ष पदमा तथा काठमाडौं निवासी डा. सूर्य प्रसाद शर्मा ढुङ्गेल, सप्तरी निवासी श्री मिहिर ठाकुर, काठमाडौं निवासी श्री मनोज दुवाडी र काठमाडौं निवासी श्री लिली हजुर बस्न्यातलाई राष्ट्रिय मानव अधिकार आयोगको सदस्य पदमा नियुक्त गर्नु भएकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना ४

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीले नेपालको संविधानको धारा २५० को उपधारा (२) बमोजिम संवैधानिक परिषद्को सिफारिसमा पर्वत निवासी श्री जुद्ध बहादुर गुरुङ र काठमाडौं निवासी श्री अमर राज मिश्रलाई राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सदस्य पदमा नियुक्त गर्नु भएकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना ५

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीले नेपालको संविधानको धारा २५२ को उपधारा (२) बमोजिम संवैधानिक परिषद्को सिफारिसमा झापा निवासी श्री कमला कुमारी पराजुलीलाई राष्ट्रिय महिला आयोगको अध्यक्ष पदमा तथा पाँचथर निवासी श्री कृष्ण कुमारी पौडेल र सर्लाही निवासी श्री विद्याकुमारी सिन्हालाई राष्ट्रिय महिला आयोगको सदस्य पदमा नियुक्त गर्नु भएकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना ६

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीले नेपालको संविधानको धारा २५५ को उपधारा (२) बमोजिम संवैधानिक परिषद्को सिफारिसमा दाङ निवासी श्री देवराज विश्कर्मालाई राष्ट्रिय दलित आयोगको अध्यक्ष पदमा तथा बाजुरा निवासी श्री मीना देवी सोव, झापा निवासी श्री टुन्जे कामी र हुम्ला निवासी श्री मेहले पार्कीलाई राष्ट्रिय दलित आयोगको सदस्य पदमा नियुक्त गर्नु भएकोले यो सूचना प्रकाशन गरिएको छ।

सूचना ७

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीले नेपालको संविधानको धारा २५८ को उपधारा (२) बमोजिम संवैधानिक परिषद्को सिफारिसमा डोटी निवासी श्री रामचन्द्र जोशी र बैतडी निवासी श्री हरी दत्त जोशीलाई राष्ट्रिय समावेशी आयोगको सदस्य पदमा नियुक्त गर्नु भएकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना ८

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीले नेपालको संविधानको धारा २६१ को उपधारा (२) बमोजिम संवैधानिक परिषद्को सिफारिसमा उदयपुर निवासी श्री राम वहादुर थापामगलाई आदिवासी जनजाति आयोगको अध्यक्ष पदमा तथा रुपन्देही निवासी डा. मीन बहादुर श्रीस, स्याङ्जा निवासी श्रीमती रीना राना र खोटाङ्ग निवासी श्री शरण राईलाई आदिवासी जनजाति आयोगको सदस्य पदमा नियुक्त गर्नु भएकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना ९

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीले नेपालको संविधानको धारा २६२ को उपधारा (२) बमोजिम संवैधानिक परिषद्को सिफारिसमा सिराहा निवासी श्री जीवछ साह, सप्तरी निवासी श्री रेणु देवी साहर बाँके निवासी श्री विजय कुमार गुप्तालाई मधेशी आयोगको सदस्य पदमा नियुक्त गर्नु भएकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना १०

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीले नेपालको संविधानको धारा २६३ को उपधारा (२) बमोजिम संवैधानिक परिषद्को सिफारिसमा बाँके निवासी श्री सुवोध सिंह थारू र मोरङ्ग निवासी श्री भोलाराम चौधरीलाई थारू आयोगको सदस्य पदमा नियुक्त गर्नु भएकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना ११

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीले नेपालको संविधानको धारा २६४ को उपधारा (२) बमोजिम संवैधानिक परिषद्को सिफारिसमा अर्घाखाँची निवासी श्री महमदिन अलि र कपिलवस्तु निवासी श्री मिर्जा अर्सद वेगलाई मुस्लिम आयोगको सदस्य पदमा नियुक्त गर्नु भएकोले यो सूचना प्रकाशन गरिएको छ।

आज्ञाले,
डा. हरि पौडेल
सचिव ।

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू ५।-
गो.हु.द.नं. १६।२०६२।६३